कृषि विकास मन्त्रालयको
# बुलेटिन

बर्ष ३ अंक १ २०७३ श्रावण-२०७३ कार्तिक कृषि मूलश्चः जीवनम् प्रथम चौमासिक

## माननीय कृषि विकास मन्त्रीद्वारा कृषि कार्यक्रमको अनुगमन

माननीय कृषि विकास मन्त्री गौरी शंकर चौधरीले मिति २०७३।०५।०८ र ०९ गते कैलालीमा साना तथा मझौला कृषक आयस्तर बृद्धि आयोजनाद्वारा सञ्चालित उप-आयोजनाहरुको अनुगमन निरीक्षण गर्नुको साथै अनुदानमा निर्मित संकलन केन्द्रको उद्घाटन गर्नु भएको थियो। माननीय



कृषि विकास मन्त्री गौरी शंकर चौधरीले मिति २०७३।०५।२५ गते निर्माण वहुउद्देश्यीय सहकारी संस्था, देवदह, रुपन्देहीमा आयोजित कार्यक्रमको प्रमुख आतिथ्यता गरी उक्त सहकारी संस्थाको चौथो वार्षिक साधारण सभाको उद्घाटन गर्नु भएको



थियो। सोहि दिन जिल्ला कृषि विकास कार्यालय, रुपन्देहीको निरीक्षण र कार्यालयका कर्मचारीसँग अन्तरक्रिया गर्नु भएको थियो। ०००

## प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना प्रारम्भ

समग्र कृषि मूल्य श्रृंखलाका अवयवहरुको एकिकृत संयोजन र परिचालन मार्फत खाद्य पोषण सुरक्षा सुनिश्चित गर्दै कृषि औद्योगिकरण उन्मुख दीगो आर्थिक अवसरहरु सृजना गरी राष्ट्रको समग्र विकासमा टेवा पुर्‍याउने लक्ष्य र प्रमुख कृषि उपजहरुको विशिष्टिकृत क्षेत्रहरु निर्माण गरी निर्यात योग्य कृषि बस्तुहरुको मूल्य अभिबृद्धि गर्दै प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्ने, कृषिलाई सम्मानजनक नाफामुखी व्यवसायका रुपमा विकास गर्दै रोजगारीका अवसरहरु सृजना गर्ने र बहुसरोकारवाला निकायहरु बीचको कार्यमूलक समन्वय मार्फत प्रभावकारी सेवा प्रवाहको सुनिश्चिता गर्ने उद्देश्यका साथ यसै आर्थिक वर्ष २०७३/७४ देखि यस परियोजना सञ्चालनमा आएको छ। यस परियोजना कार्यान्वयनका लागि पहिलो वर्षमा ७ जिल्लामा वृहत कृषि उत्पादन तथा औद्योगिक केन्द्र (सुपरजोन), ३० जिल्लामा व्यवसायिक कृषि उत्पादन तथा प्रशोधन केन्द्र (जोन), ७५ वटै जिल्लामा २/२ वटाका दरले १५० वटा व्यवसायिक कृषि उत्पादन केन्द्र (ब्लक) र ७५ वटै जिल्लाका विभिन्न बालीमा २१०० वटा साना व्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) क्षेत्रहरु सञ्चालन प्रमुख

बाँकी पृष्ठ ....................७ मा

### * यस भित्र *

राष्ट्रिय अनुकूलन योजना तर्जुमा कृषि तथा खाद्य सुरक्षा (पोषण) विषयगत कार्य समूहको पहिलो बैठक सम्पन्न ........................ २
माननीय कृषि राज्यमन्त्रीद्वारा कार्यालय र कार्यक्रमको अनुगमन .. २
जलवायु प्रकोप समुत्थान निर्माण आयोजनाद्वारा सामग्री वितरण .. ३
माननीय कृषि विकास मन्त्रीद्वारा अनुगमन निरीक्षण ................. ३
आ.व. २०७२/०७३ को तृतीय चौमासिक तथा वार्षिक समिक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या सामाधान बैठक ............... ४
माननीय कृषि मन्त्रीद्वारा जलवायु अनुकूलन गाउँ सम्बन्धी अन्तराष्ट्रियस्तरको गोष्ठीको उद्घाटन.................................... ४
समिक्षा तथा योजना तर्जुमा गोष्ठी सम्पन्न ............................ ६
कृषि विकास रणनीति .......................................................... ७

## सम्पादकीय..................................

### नेपालमा योजनावद्ध कृषि विकास

**नेपालले योजनावद्ध विकासको प्रयासलाई आत्मसाथ गरेको करिव ६ दशक भन्दा बढी भई सकेको छ । त्यसपछि योजनावद्ध विकासलाई प्राथमिकता दिन संस्थागत संरचनाका रुपमा २०१३ सालमा योजना आयोगको स्थापना भयो र यसै समयमा तर्जुमा गरी लागु गरिएको प्रथम पञ्चवर्षिय योजना (२०१३-२०१८) बाट नेपालमा योजनावद्ध विकासको यात्रा थालनी भयो । योजनावद्ध विकासको सन्दर्भबाट कृषि विकासलाई हेर्दा सुरुवाती राणाशासन कालबाटै भएपनि औपचारिक रुपमा वि.सं. २००७ सालमा प्रजातन्त्रको स्थापनासँगै नेपालमा कृषि विकासका प्रयासहरुको थालनी भएको पाइन्छ । वर्तमान परिप्रेक्ष्यमा देशको राजनीतिक परिवर्तनलाई आत्मसाथ गर्दै कृषि विकासका कार्यक्रमहरु समय सापेक्ष परिमार्जित रुपमा सञ्चालन हुँदै आएका छन् । नेपालको संविधानले देशलाई संघीय संरचना अनुरुप संघ, प्रदेश र स्थानीय तह गरी तीन तहमा राज्य शक्तिको सञ्चालन गर्ने व्यवस्था गरे अनुरुप कृषि विकास मन्त्रालय र यस अर्न्तगतका निकायहरुको पनि पुर्नसंरचना हुने देखिन्छ ।**

**देशको भौगोलिक विविधतालाई मध्यनजर राख्दै उपलव्ध प्रविधि तथा आवश्यक श्रोत साधनको समुचित प्रयोग गरी दिगो विकास लक्ष्य २०३० र राष्ट्रिय नीतिहरु तथा अन्तराष्ट्रियस्तरमा गरिएका प्रतिबद्धतालाई आत्मसाथ गर्दै कृषि पेशालाई सम्मानजनक बनाई कृषि क्षेत्रको रुपान्तरण मार्फत राष्ट्रिय अर्थतन्त्रलाई बलियो बनाउनु आजको प्रमुख आवश्यकता रहेको छ । यसको लागि संविधानले परिकल्पना गरे बमोजिम मुलुक संघीय स्वरुपमा गएसँगै आवश्यकता अनुसार कृषि विकास, पशुपंक्षी विकास, सिंचाई, भूमिसुधार, वन तथा सहकारी जस्ता प्रत्यक्ष सम्बन्ध भएका मन्त्रालयको सांगठनिक संरचनाद्वारा एकिकृत रुपमा समग्र कृषि क्षेत्रको विकासको प्रयास हुनु आजको प्रमुख आवश्यकता रहेको छ ।**

## राष्ट्रिय अनुकूलन योजना तर्जुमा कृषि तथा खाद्य सुरक्षा (पोषण) विषयगत कार्य समूहको पहिलो बैठक सम्पन्न

नेपालको तर्फबाट जलवायु सम्बन्धी संयुक्त राष्ट्र संघीय खाका महासन्धिको केन्द्र विन्दुको हैसियतमा कार्य गरिरहेको जनसंख्या तथा वातावरण मन्त्रालयले वि.सं. २०७२ साल असोज १ गते एक कार्यक्रम बीच राष्ट्रिय अनुकूलन योजना तर्जुमा प्रक्रिया सुरु भएको सार्वजनिक गरेको थियो । उक्त मन्त्रालयको मिति २०७३।०४।०३ को पत्रानुसार कृषि विकास मन्त्रालय (सचिवस्तर) को मिति २०७३।०५।०५ को निर्णयानुसार कृषि विकास मन्त्रालयका सह-सचिव एवं खाद्य सुरक्षा, कृषि व्यवसाय प्रवर्द्धन तथा वातावरण महाशाखाका प्रमुखको संयोजकत्वमा १८ सदस्यीय कृषि तथा खाद्य सुरक्षा (पोषण) नामक विषयगत कार्य समूह गठन भएको छ । यस कार्य समूहको कार्यमा तिव्रता दिन कार्य समूहको पहिलो बैठक मिति २०७३।०६।१६ का दिन मन्त्रालयका सह-सचिव तथा कार्य समूहका संयोजक श्री लेखनाथ आचार्यको संयोजकत्वमा सम्पन्न भयो । यो कार्य समूहले कृषि र खाद्य सुरक्षाका क्षेत्रमा राष्ट्रिय अनुकूलन योजना तर्जुमा कार्यक्रममा सङ्कटासन्नता तथा जोखिमको विश्लेषण, मध्यकालीन र दीर्घकालीन अनुकूलन कार्यहरुको सङ्कलन तथा प्राथमिकीकरण एवं कार्यान्वयन, रणनीति तर्जुमा लगायत अनुगमन तथा मूल्याङ्कनका सूचकहरु समावेश गर्ने जस्ता सम्पूर्ण पक्षमा कार्य गर्नेछ । ०००

## माननीय कृषि विकास राज्यमन्त्रीद्वारा कार्यालय र कार्यक्रमको अनुगमन

माननीय कृषि विकास राज्यमन्त्री राधिका तामाङले मिति २०७३।०७।२७ गते जिल्ला कृषि विकास कार्यालय, कालीकोटको निरीक्षण गरी सरोकारवालाहरुसँग अन्तरक्रिया गर्नु भएको थियो । सोही दिन जुम्ला जिल्लाको पटमारा उर्थुमा HVAP को कार्यक्रम निरीक्षण गर्नुका साथै जिल्लाद्वारा सञ्चालित स्याउ आत्मनिर्भर कार्यक्रम अन्र्तगत स्थापना गरिएको स्याउ बगैचाको अनुगमन समेत गर्नु भएको थियो । यसै गरी माननीय कृषि विकास राज्यमन्त्रीद्वारा मिति २०७३।०७।२८ गते



जिल्ला कृषि विकास कार्यालय, मुगको निरीक्षण गर्नुका साथै जिल्लामा स्थापित माटो परीक्षण प्रयोगशालाको अवलोकन गर्नु भएको थियो । साथै उक्त जिल्लामा सोहि दिन भएको विश्व खाद्य दिवस कार्यक्रमका विभिन्न विधाहरुमा पुरस्कार वितरण गर्नु भएको थियो ।



माननीय कृषि विकास राज्यमन्त्रीसँगको अनुगमन कार्यक्रममा क्षेत्रीय कृषि निर्देशनालय, सुर्खेतका क्षेत्रीय कृषि निर्देशक, शिवनारायण चौधरी, HVAP का आयोजना प्रमुख राजेन्द्र प्रसाद भारी र तत्तत् जिल्लाका प्रमुखहरु रहनु भएको थियो । ०००

## जलवायु प्रकोप समुत्थान निर्माण आयोजनाद्वारा सामग्री वितरण

जलवायु प्रकोप समुत्थान निर्माण आयोजना (कृषि व्यवस्थापन सूचना प्रणाली) को नियमित कार्यक्रम अन्तर्गत मिति २०७३ कार्तिक ३ गतेका दिन बाँके जिल्लामा आयोजित एक समारोहका बीच कृषि सचिव उदयचन्द्र ठाकुरबाट जिल्लाका किसान समूह तथा सहकारीका प्रतिनिधिहरुलाई हाम्रो कृषि apps सहितको मोवाइल फोन, किसान सिम, Rain Gauge, Thermometer वितरण कार्य सु–सम्पन्न भयो, प्रमुख अतिथिको रुपमा उपस्थित कृषि सचिवबाट जलवायु परिवर्तनले कृषि क्षेत्रमा पारेको नकारात्मक असरलाई न्यूनीकरण गर्न र हालै कृषि क्षेत्रको प्रवर्द्धनको लागि कार्यान्वयनमा आएको "कृषि विकास रणनीति–२०१५ देखि २०३५" ले कृषिमा ICT को प्रयोगलाई प्राथमिकीकरण गरे अनुसारको यो वितरणको सुरुवातले निश्चय नै सकारात्मक गति लिनेछ भन्ने धारणा



व्यक्त गर्दै आगामी दिनहरुमा अन्य जिल्लाका किसान समूह तथा सहकारीलाई पनि स्रोत र साधनले भ्याएसम्म यस्ता सामग्रीहरु वितरण गर्दै जाने लक्ष्य रहेको कुरा व्यक्त गर्नु भयो । ०००

## माननीय कृषि विकास मन्त्रीद्वारा अनुगमन निरीक्षण

माननीय कृषि विकास मन्त्री गौरी शंकर चौधरीद्वारा २०७३ असोज ८ गते रुपाताल ताल पुर्नस्थापना तथा मत्स्यपालन सहकारी संस्था रुपाताल ताल ६ मा गरेका रुपाताल संरक्षण कार्यक्रमको अनुगमन गर्नु भएको थियो। सोही अवसरमा संस्थाका अध्यक्ष कुल प्रसाद अधिकारीद्वारा संस्थाले भएगरेका गतिविधि र भविष्यमा रुपाताल क्षेत्र संरक्षण गर्दै मत्स्यपालन व्यवसायको दीगो व्यवस्थापन गर्न आवश्यक रहेको जानकारी गराउनु भएको थियो। तत्पश्चात मत्स्य विकास केन्द्र, बेगनास तालको अनुगमन गर्नु भएको थियो भने केन्द्रबाट हुने कृषि गतिविधिबारे सोही केन्द्रका प्रमुख सुरेन्द्र प्रसादले जानकारी गराउनु भएको थियो । उक्त कार्यहरुपछि रुपाताल पुर्नस्थापना तथा मत्स्यपालन सहकारी संस्था लि. को १५औं साधारण सभामा माननीय कृषि विकास मन्त्रीको प्रमुख आतिथ्यतामा लेखनाथ उद्योग वाणिज्य संघमा भएको थियो । सोही अवसरमा माननीय



मन्त्रीले कृषि क्षेत्रको विकासमा सहकारीको अग्रणी भूमिका रहने हुँदा व्यावसायिक रुपमा मत्स्यपालन लगायत कृषि व्यावसायिकरणका लागि प्रधानमन्त्री आधुनिकीकरण आयोजना लागू भईसकेको छ, जसबाट कृषि क्षेत्रले फट्को मार्ने र उत्कृष्ट कृषि सहकर्मीहरुलाई सक्दो सहयोग गर्ने बताउनु भयो ।

यसै गरी उक्त कार्यक्रमको समापन पश्चात् बागवानी अनुसन्धान केन्द्र, मालेपाटनमा स्थलगत अनुगमन एवं सरोकार निकायको उपस्थितिमा अर्न्तक्रिया कार्यक्रमहरु सञ्चालन भएको थियो। केन्द्रबाट सञ्चालन भएका कार्यक्रमको विषयमा प्रमुख तिर्थ पोखरेलले जानकारी गराउनु भएको थियो । सोही दिन क्षेत्रीय कृषि अनुसन्धान केन्द्र, लुम्लेमा गई अनुसन्धानमा हुने र भए गरेका गतिविधिबारे छलफल, स्थलगत निरीक्षण एवं निर्देशन माननीय कृषि विकास मन्त्रीद्वारा भएको थियो भने केन्द्रको जानकारी क्षेत्रीय निर्देशक धनवहादुर घर्तीबाट भएको थियो ।

मिति २०७३ असोज ९ गते क्षेत्रीय कृषि निर्देशनालय, पोखराको सभाहल पोखरामा अवस्थित कृषि विकाससँग सम्बन्धित निकाय सम्मिलित सभामा निमित्त क्षेत्रीय कृषि निर्देशक हृदयनाथ घिमिरेद्वारा स्वागत गर्दै क्षेत्रीयस्तरमा माननीय मन्त्रीलाई भएका उपलब्धी, अवसर,

चुनौती, समस्या बारेमा जानकारी गराउनु भयो भने सोही अवसरमा यस क्षेत्रको प्रगती उत्कृष्ट भएको पाएको र अझबढी लगनशील भई कार्य गर्न आग्रह गर्दै मन्त्रालयले



लिएका नीति कार्यान्वयन समय मै व्यवस्थापन गर्न माननीय कृषि विकास मन्त्रीद्वारा निर्देशन भएको थियो । ००० 

## आ.व. २०७२/०७३ को तृतीय चौमासिक तथा वार्षिक समिक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान बैठक

कृषि विकास मन्त्रालयमा माननीय कृषि विकास मन्त्री गौरी शंकर चौधरीको अध्यक्षतामा मिति २०७३।०५।०६ गते कृषि विकास मन्त्रालयको आ.व. २०७२/७३ को तृतीय चौमासिक तथा वार्षिक समिक्षा एवं मन्त्रालयस्तरीय विकास समस्या समाधान बैठक बसेको थियो । उक्त बैठकमा माननीय कृषि विकास राज्यमन्त्री राधिका तामाङ, राष्ट्रिय योजना आयोग (कृषि क्षेत्र) का माननीय विजय बहादुर कुँवर, कृषि विकास मन्त्रालयका सचिव उत्तमकुमार भट्टराई लगायत अन्य महानुभावहरुको उपस्थिति रहेको थियो ।



प्रगति समिक्षामा आ.व २०७२/७३ को तृतीय चौमासिक तथा वार्षिक अवधिमा कृषि विकास मन्त्रालय अन्तरगत सञ्चालित आयोजनाहरु र कार्यक्रमहरुको समिक्षा हुँदा पहिलो र दोश्रो प्राथमिकतामा परेका विकास आयोजना तथा कार्यक्रमहरुको एकमुष्ठ भारित तथा वित्तिय प्रगति तृतीय चौमासिकको क्रमशः ८५.९८% र ११९.८४% एवं वार्षिक अवधिको क्रमशः ८८.५८% र ८१.६०% प्रतिशत हाँसिल भएको थियो ।

आर्थिक वर्ष २०७२/७३ लाई बजेट कार्यान्वयन वर्षको रुपमा लिइएको थियो र मन्त्रालयले यस आ.व. मा विगतका वर्षहरुमा भन्दा थोरै नै भएपनि राम्रो प्रगति हासिल गरेको भन्ने निष्कर्ष रहेको थियो । ००० 

## माननीय कृषि विकास मन्त्रीद्वारा जलवायु अनुकूलन गाउँ सम्बन्धी अन्तराष्ट्रियस्तरको गोष्ठीको उद्घाटन

विश्वका विभिन्न देशका विशेषज्ञहरुले हासिल गरेका अनुसन्धान र ज्ञानलाई नेपालमा कार्यान्वयन गर्न तथा विभिन्न क्षेत्रमा सञ्चालन गरिएका जलवायु अनुकूलन गाउँ कार्यक्रमको सिकाई र अनुभव आदान प्रदान राष्ट्रियस्तरका नीति निर्माताहरु सहित छलफल गरी जलवायु अनुकूलन गाउँ (Climate Smart Village)



सम्बन्धी अन्तराष्ट्रियस्तरको गोष्ठी नेपालमा सेप्टेम्बर १२-१४, २०१६ मा सम्पन्न भयो । गोष्ठी कृषि विकास मन्त्रालय, CGIAR को जलवायु परिवर्तन, कृषि र खाद्य सुरक्षा अनुसन्धान कार्यक्रम (CCAFS) र लिबर्डको संयुक्त आयोजनामा सञ्चालन गरिएको थियो । गोष्ठीको प्रमुख उद्देश्य दक्षिण-दक्षिणको सिकाइमा नेपालमा जलवायु अनुकूलन पद्धतिको विस्तार र सहयोग गर्ने, कृषि विकास रणनीतिले उल्लेख गरेका जलवायु परिवर्तनबाट हुने

जोखिम कम गर्ने तथा जलवायु अनुकूलनका विषयमा सरोकारवालाहरुलाई सुसूचित गर्नु रहेको थियो ।

गोष्ठीको पहिलो दुई दिन सहभागीहरुले नवलपरासीको रजहर, नारायणी र अर्गौली गा.वि.स. का कृषकहरुले पाखोबारी र खेतमा अवलम्बन गरेका जलवायु अनुकूलन कृषि गाउँ, सामुदायिक बीउ बैंक, महिला सशक्तिकरण, भकारो सुधार, सौर्य उर्जाद्वारा पानी तान्ने प्रविधि, थोपा सिंचाई, खाद्यतत्व व्यवस्थापन, मोवाइलद्वारा बजार मूल्य र मौसम सम्बन्धी जानकारी लिई अवलम्बन गरेका पद्धतिबारे अवलोकन र छलफल गरिएको थियो । दोस्रो दिन जिल्ला कृषि विकास कार्यालय, विश्व विद्यालय,




गा.वि.स. र सामग्री बिक्री गर्ने कम्पनीका प्रतिनिधिहरुसँग के कसरी समन्वय गरी जलवायु अनुकूलन कृषि गाउँ कार्यक्रम सफल पार्न सकिन्छ भनि छलफल गरियो । तेस्रो दिन माननीय कृषि विकास मन्त्री गौरी शंकर चौधरीको प्रमुख आतिथ्यता, माननीय कृषि विकास राज्यमन्त्री राधिका तामाङको विशेष आतिथ्यता र निमित्त सचिव योगेन्द्र कुमार कार्कीको अध्यक्षतामा र्‍याडिसन होटेल, काठमाडौंमा विश्वका विभिन्न देशका विशेषज्ञहरुले हासिल गरेका अनुसन्धान र ज्ञानलाई प्रस्तुति र छलफल कार्यक्रम गरी सम्पन्न भयो ।

CCAFS का दक्षिण एशियाका क्षेत्रीय संयोजक प्रा. डा. प्रमोद अग्रवालले गोष्ठीको मुख्य उद्देश्यका बारेमा प्रकाश पार्नु भयो । खाद्य सुरक्षा, कृषि व्यवसाय प्रवर्द्धन तथा वातावरण महाशाखाका सह-सचिव लेखनाथ आचार्यले नेपालमा जलवायु परिवर्तनसँग जुध्न संस्थागत संरचना, नीतिगत व्यवस्था र जलवायु अनुकूलन कृषि पद्धति विस्तार गर्न के कस्ता नीति र रणनीति छन् सो बारे जानकारी दिनु भयो । साथै प्रा.डा. बुश क्याम्पवेल, संयोजक CCAFS ले जलवायुबाट उत्पन्न जोखिम व्यवस्थापन गर्न जलवायु अनुकूलन कृषि गाउँले कसरी मद्दत पुर्‍याउँछ र यसको लागि सहभागितात्मक प्रविधि छनौट, स्थानीय योजना, निजी क्षेत्रको सहभागिता र राष्ट्रिय प्राथमिकतालाई ध्यान दिनु जरुरी छ भन्नु भयो ।

माननीय कृषि विकास राज्यमन्त्री राधिका तामाङले गोष्ठीबाट प्राप्त नतिजा नेपाल जस्तो देशको लागि यस्ता वातावरण मैत्री क्रियाकलापहरु ज्यादै उपयोगी हुने देखिन्छ भन्नु भयो । माननीय कृषि विकास मन्त्री गौरी शंकर चौधरीले गोष्ठीबाट प्राप्त र सिकेका अनुभवलाई सामाजिक र आर्थिकरुपले कमजोर समुदायलाई अझ बढी उपयोगी हुने कुरा व्यक्त गर्नु भयो । गोष्ठीमा जलवायु अनुकुलित कृषि पद्धतिका डिजाइन, कार्यान्वयनमा मिल्दा जुल्दा प्रक्रिया, बहु सरोकारवालाको भूमिका समुदायको आवश्यकता, क्षमता अभिवृद्धि, परीक्षण विस्तार गर्ने वा हटाउने र विश्वमा नै अनुकुल वातावरण कसरी बनाउने भन्ने विषयमा गहन छलफल भएको थियो ।




CGIAR को जलवायु परिवर्तन, कृषि र खाद्य सुरक्षा अनुसन्धान कार्यक्रम (CCAFS) को आर्थिक सहयोग, कृषि विकास मन्त्रालय र लिवर्डको समन्वयमा कृषकलाई जलवायु परिवर्तनबाट सृर्जित समस्याको लागि, नयाँ प्रविधि हस्तान्तरण गर्न जलवायु अनुकूलन गाउँ कार्यक्रम बर्दिया, दाङ्ग, नवलपरासी, गोरखा र महोत्तरी जिल्लामा आ.व. २०७२/०७३ मा सम्पन्न गरिएको थियो र यसै सम्बन्धी विशेषज्ञहरुले हासिल गरेका अनुसन्धान र ज्ञानलाई कार्यान्वयन गर्न अन्तराष्ट्रियस्तरको गोष्ठी नेपालमा गरिएको थियो । ०००

## समिक्षा तथा योजना तर्जुमा गोष्ठी सम्पन्न

अमेरिकी सहयोग नियोग (यु.एस.ए.आइ.डी) को आर्थिक सहयोगमा सञ्चालित नेपाल र क्याम्बोडियाका साना किसानहरुलाई प्रतिकुल अवस्थामा व्यापकरुपले खेती गराउन सकिने धानका जातहरु विषयक (Accelerating the Adoption of Stress Tolerant Rice Varieties- ASTV) एक दिने दोश्रो समीक्षा एवं योजना तर्जुमा गोष्ठी २०७३ साल कार्तिक ८ गते काठमाडौंमा कृषि विकास मन्त्रालयका सचिव उदयचन्द्र ठाकुरको प्रमुख आतिथ्यतामा सम्पन्न भयो । गोष्ठीमा इरीका मुख्य वैज्ञानिक एवं टिमलिडर डा. अबदेलबागी इस्माइल, वरिष्ठ वैज्ञानिक एवं भारत र नेपालका लागि इरीका प्रतिनिधि डा. उमाशंकर सिंह सहित नेपाल, भारत र क्याम्बोडियाका कृषि वैज्ञानिक, प्राविधिक गरी करिव ८० जनाको सहभागिता रहेको थियो । यस गोष्ठीको आयोजना अन्तर्राष्ट्रिय धानबाली अनुसन्धान संस्था (International Rice Research Institute - IRRI), इरी, कृषि विकास मन्त्रालय र नेपाल कृषि अनुसन्धान परिषद्ले गरेको थियो ।

यस परियोजनाले नेपालमा उन्नत जातका धानका बीउ वितरणमा सहयोग गर्दै आएको छ । जस अनुसार, परियोजनाको आर्थिक सहयोगमा २०७२ सालमा मध्य-पश्चिमका १०, सुदूर-पश्चिमका ६, पश्चिमका ४ र पूर्वका २ जिल्लाका ५०,००० भन्दा बढी कृषकहरूलाई सुख्खा र डुवान सहन सक्ने जातका साथै खुमल-४ र खुमल -१० जातका गरी जम्मा २५२ टन बीउ सम्बन्धित जिल्ला कृषि विकास कार्यालय मार्फत निःशुल्क वितरण गरिएको थियो । २०७३ सालमा पनि ती जिल्लामा सुख्खा र डुवान सहन सक्ने जातको साथै खुमल-४ र खुमल- १० जातका २३० टन धानको बीउ वितरण गरेको थियो । ती जिल्लामा वितरण गरिएका सुख्खा र डुवान सहन सक्ने दुवै जातका धान किसानहरू बीच लोकप्रिय रहेको गत बैशाखमा नेपालगञ्जमा आयोजित पुनरावलोकन बैठकमा सहभागी जिल्लाका कृषि विकास अधिकृतहरूले जानकारी गराउनु भएको थियो ।

स्थलगत क्षेत्रमा सुख्खा र डुवान सहन सक्ने धानका जातहरुको प्रदर्शनको साथै बीउ उत्पादन कार्यक्रम समेत सञ्चालन गरेको थियो । परियोजनाले धान अनुसन्धान तथा उत्पादनमा संलग्न विभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरुसँग समन्वय कायम गरी सुख्खा तथा डुवान सहन सक्ने धानका जातहरु र सो सम्बन्धी प्रविधिबारे जानकारी समेत गराउदै आएको छ ।

परियोजनाले गुणस्तरीय धानका बीउ उत्पादन गर्ने राष्ट्रिय बीउ विजन कम्पनी, प्राईभेट बीउ कम्पनी र बीउ उत्पादन गर्ने कृषक समूहको साथै जिल्लाका कृषि प्रसारमा संलग्न रहेका १०० भन्दा बढी अधिकृत तथा प्राविधिक कर्मचारीहरुलाई तालिम प्रदान गरेको थियो । मध्यपश्चिम, सुदूरपश्चिम र पश्चिमाञ्चलका २० जिल्लाका १३२० धान बालीमा संलग्न कृषकहरुलाई सुख्खा र डुवान सहनसक्ने जातहरु तथा प्रविधिबारे स्थलगत तालिम समेत प्रदान गरेको थियो ।



सिफारिसका क्रममा रहेका चेहराङ्ग सव १ र डि. आर. ४४ धानका जातहरुको प्रदर्शन तथा बीउ उत्पादनको कार्यक्रम पनि सञ्चालन गरेको थियो । यस आयोजकले धान बालीको जात एवं खेती गर्ने तौर तरिकाबारे जनचेतना जगाउन छापाको साथै सामाजिक संजाल एवं आम सञ्चार माध्यमहरुलाई परिचालनमा विशेष जोड दिदै आएको छ । प्रमुख अतिथिको आसनबाट बोल्नु हुँदै कृषि विकास मन्त्रालयका सचिव उदयचन्द्र ठाकुरले हाल जलवायु परिवर्तन सम्बन्धी कृषि क्षेत्रमा देखिएका समस्याहरुलाई समाधान, सम्बोधन गर्न विकसित, सुख्खा र डुवान एवं दुवै सहन सक्ने धानका बीउलाई सफलताको कथा एवं उदाहरणको रुपमा अथवा Climate-smart Paddy Seeds/Varieties को रुपमा लिन सकिने कुरा बताउनु भयो। यस आयोजनाबाट नेपाली किसानहरुले धेरै फाइदा प्राप्त गरेको व्यहोरा कृषि विभागका महानिर्देशक डा. युवबध्वज जी.सी. ले बताउनु भयो। इरीले प्रकाशनमा ल्याएको IRRI-Bulletin बाट सुख्खा र डुवान सहन सक्ने धानका जात तथा प्रविधिबारे धेरै किसानहरुले लाभ पाउने छन् भन्नेबारे पनि डा. जी.सी. ले उल्लेख गर्नु भयो । इरीका वरिष्ठ प्रजनन्कर्ता डा. अरविन्द कुमार र नेपाल कृषि अनुसन्धान परिषद्का मुख्य वैज्ञानिक डा. शम्भु प्रसाद

खतिवडा र वरिष्ठ वैज्ञानिक डा. राम वरण यादवले धानको जातिय विकास, गुणहरु एवं सो ले पारेका प्रभाव सम्बन्धमा प्रकाश पार्नु भएको थियो । इरीका मुख्य वैज्ञानिक एवं टिमलिडर डा. अबदेलबागी इस्माइलले गोष्ठीको उद्देश्यबारे प्रकाश पार्नु भएको थियो भने डा. उमाशंकर सिहंले क्रप क्याफेटेरियाको अवधारण तथा परियोजनाको उपलब्धीबारे प्रकाश पार्नु भएको थियो । इरी-नेपाल कार्यालयको अर्डिनेटर डा. भवप्रसाद त्रिपाठीले नेपालमा सञ्चालित कार्यक्रमको विभिन्न उपलब्धीको प्रकाश पार्नुको साथै विभिन्न सत्रहरुको समन्वय गर्नु भएको थियो । यस गोष्ठीमा खडेरी तथा डुवान सहन सक्ने जातहरु, बीउ उत्पादन तथा वितरण, प्रविधि विस्तार, विभिन्न तहका व्यक्तिहरुको क्षमता अभिवृद्धि सम्बन्धी तालिमबारे नेपाल, भारत, क्याम्बोडिया र इरिका वैज्ञानिकहरुले १६ वटा कार्यपत्रहरु प्रस्तुत गर्नु भएको थियो । नेपाल सरकारको दुई वर्षभित्र धानमा आत्मनिर्भर हुने कार्यक्रमलाई सहयोग गर्न यस गोष्ठिले चैते तथा वर्षे धान मौसमको लागि आवश्यक पर्ने धानका नयाँ जातका गुणस्तरीय बीउ उत्पादन, कृषकहरुलाई बीउ वितरण तथा विभिन्न तहको तालिम, गोष्ठि आदिबारे कार्य योजना तय गरेको छ । ०००

## कृषि विकास रणनीति

कृषि विकास रणनीति, नेपालको कृषि क्षेत्रको दीर्घकालीन सोच सहितको २० वर्षे रणनीतिक योजना हो । नेपाल सरकारबाट २०७२ श्रावण १० मा स्वीकृत गरिएको कृषि विकास रणनीतिको प्रतिवेदन कृषि विकास मन्त्रालयले राष्ट्रिय किसान संजालसँगको सहकार्यमा र एशियाली विकास बैंकले समन्वय गरेका १३ वटा विकास साझेदारहरुको सहयोगमा तयार पारिएको हो । कृषि क्षेत्रको विगत तथा वर्तमानका कामहरूको समीक्षामा आधारित रहेर तयार गरिएको यस रणनीतिले आगामी बीस वर्षसम्म नेपालको समग्र कृषि क्षेत्रलाई दिशानिर्देश गर्नेछ । यस प्रतिवेदनले कृषि क्षेत्रको १० वर्षे कार्ययोजना र मार्गचित्र सहित कृषि विकासको समष्टिगत २० वर्षे रणनीतिक योजना प्रस्तुत गर्दछ । दीर्घकालीन कृषि योजना (सन १९९५-२०१५) को समाप्ति पश्चात आगामी २० वर्षसम्म नेपालको समग्र कृषि क्षेत्रलाई दिशानिर्देश गर्न कृषि विकास रणनीतिको आवश्यकता परेको हो । "आर्थिक बृद्धिलाई गति दिने, जीवनस्तरलाई माथि उकास्ने, खाद्य तथा पोषण सुरक्षामा योगदान दिने, खाद्य सम्प्रभुता उन्मुख आत्मनिर्भर, दिगो, प्रतिस्पर्धी तथा समावेशी कृषि क्षेत्र नै कृषि विकास रणनीतिको दुरदृष्टि हो । सुशासन, उच्च उत्पादकत्व, नाफामुखी व्यवसायीकरण र प्रतिस्पर्धा बृद्धि कृषि विकास रणनीतिका चार प्रमुख संभाग (Components) हरु रहेका छन । कृषि विकास रणनीति अर्न्तगत मुख्यगरी फ्ल्यागसिप कार्यक्रम, आधार कार्यक्रम र अन्य कार्यक्रम गरि तीन प्रकारका कार्यक्रमहरु उल्लेखित छन् । जसमध्ये फ्ल्यागसिप कार्यक्रम अर्न्तगत (क) खाद्य तथा पोषण सुरक्षा कार्यक्रम (ख) विकेन्द्रित विज्ञान, प्रविधि तथा शिक्षा कार्यक्रम (ग) मूल्य श्रृंखला विकास कार्यक्रम र (घ) नव प्रवर्तन तथा कृषि-उद्यमशिलता कार्यक्रमहरु पर्दछन । कृषि विकास रणनीतिलाई कार्यान्वयन गर्न आगामी दश वर्षको लागि अनुमानित कुल बजेट रु. ५०१.८ अर्व प्रक्षेपण गरिएको छ, जसमध्ये कुल बजेटको करिब ८९ प्रतिशत सरकार/विकास साझेदारहरूको तर्फबाट लगानी हुनेछ भने बाँकी करिब ११ प्रतिशत रकम निजी/सामुदायिक क्षेत्रबाट लगानी हुनेछ । यस रणनीतिलाई कृषि विकास मन्त्रालयले आ.व. २०७३।७४ को वार्षिक बजेट तथा कार्यक्रम मार्फत पूर्णरुपमा कार्यान्वयनमा ल्याएको छ । चालु आ.व. २०७३।७४ को प्रथम चौमासिक अवधिमा कृषि विकास रणनीति कार्यान्वयन गर्न कृषि विकास मन्त्रालयबाट देहायका कार्यहरु सञ्चालन भएका छन् ।

- कृषि विकास रणनीति सचेतना अभिबृद्धि कार्यक्रम मार्फत ३ नं प्रदेशस्तरीय गोष्ठी मार्फत नीतिगत प्रचार प्रसार गरिएको ।
- ADS को नेपालीमा अनुवाद र छपाई कार्य सम्पन्न भई सरोकारवाला निकायहरुमा वितरण गरिएको ।
- संघिय संरचना अनुसार कृषि विकास रणनीति परिमार्जन कार्यक्रमको लागि EOI सूचना प्रकाशन भएको ।
- कृषि विकास रणनीतिको वेभसाईड निर्माण कार्य जारी रहेको । ०००

## प्रधानमन्त्री कृषि आधुनिकीकरण ..........

हुनेछन् भने परियोजनाको १० वर्षे अवधिको अन्तसम्ममा भौगोलिक र प्राविधिक सम्भाव्यताका आधारमा विभिन्न बाली बस्तुमा २१ वटा सुपरजोन, ३०० वटा जोन, १५०० वटा ब्लक र १५००० वटा पकेटहरु निर्माण भई सञ्चालन हुनेछन् जसबाट प्रथम वर्षमा छानिएका १८ वटा बाली/बस्तुहरु ४२ हजार ३०० हेक्टरमा खेती भई करिव

४ लाख ७७ हजार मे. टन उत्पादन हुने अनुमान गरिएको छ । यस परियोजना कार्यान्वयनबाट आगामी ३ वर्ष भित्रमा प्रमुख खाद्यान्न बालीहरु (धान, मकै, गहुँ) मा, आगामी २ वर्ष भित्रमा तरकारी र माछामा तथा ७ वर्ष खाद्यान्न बालीहरुमा आत्मनिर्भर हुने अपेक्षा गरिएको छ । परियोजना सुरु भएको पहिलो वर्षमा करिब ८ लाख ७० हजार आंशिक र ४३ हजार ५०० स्थायी रोजगारी सृजना हुनेछ । परियोजनाको अन्तिम वर्षमा करिब ५ लाख १० हजार आंशिक र २५ हजार ५०० स्थायी रोजगारीको संख्या पुग्ने अपेक्षा गरिएको छ । परियोजनाको १० वर्षे अवधिको लागि कूल बजेट १ खर्ब ३० अर्ब रहने छ । पहिलो वर्षमा विनियोजन भएको बजेट ५ अर्ब ७८ करोड रहेको छ । ०००

## सम्पादक मण्डलका सदस्यहरुको जिम्मेवारीमा हेरफेर

कृषि विकास मन्त्रालयका वरिष्ठ कृषि अर्थ विज्ञ (रा.प.द्वि.प्रा.) एवं यस बुलेटिनका सम्पादक मण्डलका सदस्य डा. प्रद्युम्नराज पाण्डे SAARC Agriculture Center, Dhaka, Bangladesh मा Senior Program Specialist पदमा छानिनु भएको हुँदा नेपाल सरकार (मन्त्रिपरिषद्) को मिति २०७३।०६।०६ को काजमा पठाउने निर्णय अनुसार SAARC Agriculture Center, Dhaka, Bangladesh मा Senior Program Specialist पदमा काम गर्न २०७३ असोज महिनाबाट जानु भएको साथै कृषि विकास मन्त्रालयका वरिष्ठ कृषि अर्थ विज्ञ (रा.प.द्वि.प्रा.) एवं यस बुलेटिनका सम्पादक मण्डलका सदस्य श्री लाल कुमार श्रेष्ठ नेपाल सरकार (सचिवस्तर) को मिति २०७३।६।७ को निर्णय अनुसार जिल्ला कृषि विकास विकास कार्यालय, रोल्पामा कार्यालय प्रमुख (रा.प.द्वि.प्रा.) मा सरुवा भै जानु भएकाले कृषि विकास मन्त्रालय परिवार एवं सम्पादक मण्डल वहाँहरुको सफल कार्यकालको शुभकामना एवं हार्दिक बधाई ब्यक्त गर्दछौं । ०००


**संरक्षक**
उदयचन्द्र ठाकुर
सचिव

**सम्पादक मण्डल**

**संयोजक**
डा. सुरोज पोखरेल
सह-सचिव

**सदस्यहरु**
परशुराम अधिकारी
वरिष्ठ बाली संरक्षण अधिकृत
सुरेश न्यौपाने
उप-सचिव
वासुदेव काफ्ले
वरिष्ठ कृषि अर्थ विज्ञ
रविन्द्र सुवेदी
वरिष्ठ कृषि प्रसार अधिकृत

**सदस्य सचिव**
टीकाराम शर्मा
वरिष्ठ कृषि अर्थ विज्ञ

**सम्पादन सहायक**
बाबुराम शर्मा
प्राविधिक सहायक

**प्रकाशक**

नेपाल सरकार
कृषि विकास मन्त्रालय
सिंहदरबार, काठमाडौं, नेपाल ।


**प्रेषक**

नेपाल सरकार
**कृषि विकास मन्त्रालय**
सिंहदरबार, काठमाडौं, नेपाल ।

**प्रापक**

.............................................................

.............................................................

.............................................................


**फोनः** ४२११८०८, ४२११६६५, ४२११९४०, **फ्याक्सः** +९७७-१-४२११९३५, **इमेलः** bulletin@moad.gov.np, **वेभसाइटः** www.moad.gov.np